*"Youth for Peace and Development"*

समतामूलक समृद्धि र सुखी नेपालको आधार

बालिकाहरूका लागि समान अवसर र अधिकार

# बालिकाविरुद्धको विभेद अन्त्य गरौँ ।

## बालिकाहरूको समान अवसर र अधिकारका लागि जागृति बाल तथा युवा सरोकार नेपालद्वारा तयार गरिएको नागरिक स्थितिपत्र र सुझाव

*"Youth for Peace and Development"*

समतामूलक समृद्धि र सुखी नेपालको आधार

बालिकाहरूका लागि समान अवसर र अधिकार

# बालिकाविरूद्धको विभेद अन्त्य गरौं

## बालिकाहरूको समान अवसर र अधिकारका लागि जागृति बाल तथा युवा सरोकार नेपालद्वारा तयार गरिएको नागरिक स्थितिपत्र र सुझाव

*(यो स्थितिपत्र र सुझाव जागृति बाल तथा युवा सरोकार नेपालले बालबालिका तथा बालिकाहरूको सवाल र सरोकारमा कार्यरत नागरिक संस्थाहरूसँगको परामर्शबाट तयार पारेको हो ।)*

## क) पृष्ठभूमि

नेपालको संविधानले नेपाललाई समावेशी, समतामूलक समाजवादी समृद्ध राष्ट्रको रूपमा निर्माण गर्ने प्रस्तावनासहित् नेपालमा विद्यमान आर्थिक, सामाजिक सांस्कृतिक र राजनीतिक विभेदहरूको अन्त्य गर्न मार्गदर्शन गरेको छ। विगत २ दशक यता नेपालले बालबालिकाको क्षेत्रमा गरेको प्रगतिलाई वर्तमान राज्यप्रणाली र संविधान तथा त्यस अनरूप बन्ने ऐन नियमहरूले अझ बढी बलियो र प्रभावकारी बनाउन सक्ने अपेक्षा गर्न सकिन्छ तर राजनीतिक परिवर्तनसँगै निर्माण भएको संविधानले परिकल्पना गरेको समातामूलक समाजवादी समृद्ध राष्ट्रको निर्माण बालिकाहरूको समान सहभागिता, सक्रियता र पूर्ण अवसरहरुको सुनिश्चितता विना सम्भव हुँदैन। पितृसत्तात्मक एकात्मक राज्य प्रणालीद्वारा सिर्जित तथा पोषित लैङ्गिक विभेद, विशेष गरी बालिका र महिलाहरू विरुद्ध हुने भेदभावहरूको अन्त्यका लागि र उनीहरूको समान प्रगतिका अवसरहरू सिर्जना गर्नका लागि राज्यप्रणालीले बालमैत्री, बालिका संवेदनशील नीति, संरचना तथा कार्यक्रमहरूको निर्माण र प्रभावकारी कार्यान्वयन गर्न जरुरी छ।

नागरिक संगठन, निजि क्षेत्र तथा सहकारी संस्था र राजनीतिक संगठनहरूले स्थानीय, प्रदेश र संघीय स्तरमा बालिका संवेदनशील नीति, अभ्यास र व्यवहारहरू प्रवर्द्धन र नियमन गर्नका लागि साझेदारी, सचेतना तथा खबरदारीको कार्य गर्न जरुरी रहेको छ।

यसै सन्दर्भमा जागृति बाल तथा युवा सरोकार नेपालले क्यानालानको सहकार्यमा बालिकामैत्री र संवेदनशील कार्यक्रम, नीति तथा संरचनाको पैरवीका लागि यो स्थितिपत्र तथा सुझाव प्रकाशन र वितरण गरेको छ।

## ख) नेपालमा बालिकासम्बन्धी तथ्यहरू

- राष्ट्रिय जनगणना (२०६८) अनुसार नेपालको कूल जनसंख्याको ४१.८२% १८ वर्ष भन्दा कम उमेरका बालबालिकाको रहेको छ। बालबालिकाको कूल जनसंख्याको ४९ प्रतिशत संख्या बालिकाहरूको रहेको छ। जनगणना प्रक्षेपणले २०१६ मा १९ वर्षभन्दा कम उमेरका करिव ५८ लाख ६६ हजार बालिकाहरू नेपालमा रहेको देखाउँछ।
- आर्थिक सक्रियताको दृष्टिकोणबाट १० वर्षभन्दा माथि उमेरका आर्थिक रूपले सक्रिय बालिका र महिलाहरूमा रोजगार बालिका तथा महिलाको संख्या ३९ प्रतिशत छ भने पुरुषको ५८ प्रतिशत देखिन्छ। बालिकाहरू घरायसी काममा बढी संलग्न हुने र राज्यको आर्थिक तथ्याङ्क प्रणालीले घरायसी कामको आर्थिक योगदानलाई मूल्याङ्कन गर्न नसक्दा बालिकाहरूको आर्थिक सक्रियता दरकम देखिएको छ।
- बालश्रमको सन्दर्भमा श्रममा संलग्न बालिकाहरूको संख्या (५ देखि १७ वर्ष उमेर समूह) ३८ प्रतिशत रहेको छ भने बालकमा यो संख्या ३० प्रतिशत मात्र रहेको छ)।
- शिक्षाको सन्दर्भमा प्राथमिक तहमा देखिएको खुद भर्नादरमा बालक र बालिकाहरूको

समान अवस्था रहे पनि, शिक्षा विभागको फ्ल्यास रिपोर्ट (२०७४७५) को तथ्याङ्क अनुसार माध्यमिक तह (कक्षा ९ देखि १२) मा बालिकाहरूको खुद भर्नादर केवल ४३.७ प्रतिशतमात्र रहेको छ ।

- माध्यमिक शिक्षाको परीक्षामा छात्र र छात्राको संख्यात्मक सहभागितामा छात्राको संख्या बढी देखिए पनि सिकाई परीक्षणमा कम अङ्क प्राप्त गर्नेमा छात्राहरू छात्रभन्दा निकै धेरै रहेको विगतका एस.एल.सी. तथा एस.इ.इ. परिणामले देखाएको छ ।
- बालिकाहरूमाझ पोषणको अवस्था पनि सन्तोषजनक रहेको छैन । उमेर अनुसारको तौल नहुने ५ वर्ष भन्दा कम  बालिकाहरू २८ प्रतिशत र उचाई नहुने बालिकाहरू ३९.५० प्रतिशत रहेका छन् ।
- १९ बर्षभन्दा कम उमेरका एक चौथाई बालिकाहरूको (२५ प्रतिशत) विवाह भएको तथ्य सन् २०१४ को सर्वेक्षणले देखाएको छ ।
- नेपालमा १५ देखि १९ वर्षका १७ प्रतिशत  किशोरीहरू किशोरावस्थामा नै आमा भईसक्छन् वा पहिलो बच्चा जन्माउन गर्भवती हुने गर्छन् ।
- करिव २२% महिलाहरूले १५ वर्ष भन्दा कम उमेरमै कुनै न कुनै प्रकारको शारीरिक हिंसा दुर्व्यवहार भोग्ने गरेको अध्ययनहरूले देखाएको छ ।
- ८९% किशोरीहरूले महिनावारीको समयमा छुवाछुत बार्ने, भेदभाव गर्ने, घरबाहिर राख्ने र छाउपडी गोठमा बस्नेसम्म अवस्था भोग्नुपरेको बताएका छन् ।
- नेपालका २८ प्रतिशत विद्यालयमा छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था

  छैन । विद्यालयमा महिनावारी भएको समयमा तत्काल स्यानीटरी प्याड उपलब्ध गराउने व्यवस्था अधिकांश विद्यालयहरूमा छैन ।

- ८३% किशोरीहरूले महिनावारी भएको समयमा कपडा र केवल १५% मात्र स्यानीटरी प्याडको प्रयोग गर्ने गरेको बताएका छन् ।
- प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका सेवा निर्देशनालयको प्रतिवेदन (२०७४/०७५) अनुसार आर्थिक वर्ष २०७४/०७५ मा जबरजस्ती करणीको अपराधका जम्मा १४८० मुद्दाहरूमा १८ वर्षसम्मका ९९५ जना बालिका जवरजस्ती करणीको अपराधबाट पीडित भएको देखिएको छ । यसमध्ये २६१ जना बालबालिका १० बर्षमूनिका रहेको देखिन्छ ।
- हरेक वर्ष नेपालबाट भारततर्फ करिव १२ देखि १७ हजारसम्म नेपाली महिला तथा किशोरीहरूको बेचबिखन हुने गरेको अध्ययन प्रतिवेदनहरूले देखाएका छन् । पछिल्लो समयमा उमेर बढाएर पासपोर्ट बनाउने र भारतको बाटोबाट जोखिमपूर्ण रूपमा वैदेशिक रोजगारीमा जाने किशोरीहरूको संख्या पनि बढ्दै गईरहेको अवस्था छ ।
- नेपालमा छोरा छान्ने प्रवृत्ति अत्यन्तै धेरै रहेको छ । पाटन अस्पतालमा २००३ देखि २००७ (पाँच वर्ष) को अवधिमा गरिएको अध्ययनमा बालक र बालिकाको अनुपात प्रत्येक

१०० बालिकामा ११४ बालक रहेको देखिएको छ । त्यसैगरी फ्युज (२००८) ले ४० वटा देशहरूमा गरेको अध्ययन अनुसार नेपाल छोरा छान्नेमा पाकिस्तान पछि दोस्रो स्थानमा रहेको छ, जहाँ ८१ प्रतिशत महिलाहरू परिवारमा पहिल्यै दुई वा दुई भन्दा बढी छोरी जन्मिएको भए तेस्रो छोरीको गर्भपतन गराउनु गलत होइन भन्ने मान्यता राख्ने गरेको पाइएको थियो ।

*(माथि उल्लेखित तथ्याङ्कहरू केन्द्रीय तथ्याङ्क विभाग, शिक्षा मन्त्राय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवम् केन्द्रीय बालकल्याण समितिबाट प्रकाशित* Statistical Year Book 2015, Nepal Demographic Health Survey 2016, Nepal Demographic Health Survey 2011, National Child Labor Report *2012, State of the Children in Nepal (2075), नेपाल प्रहरीको वेबसाइटबाट लिइएका हुन्)*

## ग) नीतिगत व्यवस्था र नेपालको प्रतिवद्धता

नीतिगत तथा कानूनी व्यवस्था र विकास प्रतिवद्धताको सन्दर्भमा नेपालले महिला तथा बालिकाविरुद्धको विभेद न्यूनीकरण गर्नमा विभिन्न व्यवस्थाहरू गरेको पाउन सकिन्छ ।

### १. नेपालको संविधानमा उल्लेखित व्यवस्थाहरू

धारा १८ ले लैंङ्गिक आधारमा भेदभाव नहुने, सामान्य कानूनको प्रयोगमा सबै नागरिक समान रहने, समान कामको समान ज्याला, पैतृक सम्पत्तिमा समान हक तथा विशेष आरक्षणको व्यवस्था गर्न सकिने व्यवस्था गरेको छ ।

त्यसै गरी धारा ३८ अन्तर्गत महिलाको हकमा (१) प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने, (२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक हुने, (३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने र त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने, (४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने व्यवस्था गरिएको छ ।

संविधानको धारा ४२ सामाजिक न्यायको हक अन्तर्गत सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, अल्पसंख्यक, सीमान्तकृत, मुस्लिम, पिछडावर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, मजदुर, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिकलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने व्यवस्था गरिएको छ ।

संविधानको धारा ३९ मा बालबालिकाको हक अन्तर्गत उपधारा ५ मा कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न

नपाइने, उपधारा (६) मा कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ ।

नेपालका विद्यमान कानूनमा रहेको लैङ्गिक विभेद हटाउन नेपाल सरकारले केही नेपाल संशोधन ऐन मार्फत विभिन्न कानूनहरूमा रहेका लैङ्गिक विभेदकारी शब्दावली र प्रावधानहरूलाई खारेज तथा संशोधन गरेको छ ।

## २. नेपाल पक्ष राष्ट्र रहेको अन्तर्राष्ट्रिय मानव अधिकार कानूनहरूमा उल्लेखित व्यवस्था

नेपाल संयुक्त राष्ट्र संघबाट अनुमोदित ९ वटा अन्तर्राष्ट्रिय मानव अधिकार महासन्धिहरूमध्ये ७ वटाको पक्ष राष्ट्र हो । ती मानव अधिकार महासन्धिहरूले बालिका र महिलाको समानता तथा अधिकारको पक्षमा राज्यको दायित्व रहने व्यवस्था गरेका छन् । मानव अधिकारको कार्यान्वयनका सन्दर्भमा पक्ष राष्ट्रहरूको सम्मान, संरक्षण र परिपूर्तिको दायित्व रहेको छ । नेपाल सरकारले महासन्धिमा तोकिए बमोजिम आवधिक प्रतिवेदनहरू संयुक्त राष्ट्र संघमा मानव अधिकार महासन्धि समितिसमक्ष पेश गर्नुपर्ने र उक्त प्रतिवेदनउपर आएका समापन टिप्पणी तथा सुझावहरूको कार्यान्वयन गर्ने जिम्मेवारी महासन्धिहरूको पक्ष राष्ट्र भएका कारण नेपाल सरकारको रहेको छ ।
साथै नेपालको सन्धि ऐन, २०४८ ले नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धिका प्रावधानहरू कानून सरह लागु हुने र राष्ट्रिय कानूनका व्यवस्थाहरू बाझिएमा महासन्धि कै प्रावधान लागु हुने व्यवस्था गरेको छ । बालिकासँग सम्बन्धित मानव अधिकार महासन्धिहरूको प्रावधानलाई निम्नानुसार उल्लेख गरिएको छ ।

संयुक्त राष्ट्र संघको बालअधिकार महासन्धि, १९८९ ले बालबालिकामाझ भेदभाव, हिंसा, शोषण र दुर्व्यवहारलाई अन्त्य गर्न राज्यको दायित्वको रूपमा व्यवस्था गरेको छ । त्यसैगरी शिक्षा, स्वास्थ्य र पोषण एवम् सहभागिताको अधिकारलाई सम्पूर्ण बालबालिकाको आधारभूत अधिकारको रूपमा व्यवस्था गरेको छ ।

संयुक्त राष्ट्र संघको महिलाविरुद्ध हुने सबै खाले भेदभाव निर्मूलन गर्ने महासन्धि (१९७९) ले महिला र बालिकालाई समाजका सबै क्षेत्रमा पुरुष र बालकसरह समान अधिकार प्रत्याभूत गरिनुपर्ने र कुनै पनि रूपमा महिला र बालिकाविरुद्धको भेदभाव गर्न नहुने कानूनी व्यवस्था गरेको छ । उक्त महासन्धिले बाल विवाहलाई कानूनतः निषेधित गर्न तथा माध्यमिक शिक्षामा बालिकाहरूको समान अवसर र सहभागिता सुनिश्चित गर्न राज्यले कानूनी व्यवस्था गरेको छ ।

त्यसैगरी अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धी (२००८) ले अपाङ्गता भएका

बालिकाहरूले थप जोखिमता र भेदभाव भोग्नुपर्ने अवस्थालाई स्वीकार गर्दै राज्यले अपाङ्गता भएका महिला र बालिकाहरूलाई विशेष संरक्षणको व्यवस्था गर्न पर्ने प्रावधान रहेको छ ।

## ३. बालिकाको सन्दर्भमा दिगो विकास लक्ष्य र नेपालको प्रतिवद्धता

सन् २०१५ सेप्टेम्बरमा संयुक्त राष्ट्र संघको महासभाबाट पारित दिगो विकास लक्ष्य र कार्यक्रमहरू सन् २०३० सम्म सदस्य राष्ट्रहरूको विकासका नीति, कार्यक्रम तथा योजनाहरूका लागि मार्गदर्शक दस्तावेज हो । नेपालले पनि दिगो विकास लक्ष्य र यसका सूचकहरू बमोजिम आफ्नो राष्ट्रिय दिशानिर्देश तय गरिसकेको छ । यसलाई दिगो विकास लक्ष्य प्राप्तिका लागि नेपालको प्रतिवद्धताको रूपमा लिन सकिन्छ । यस अनुसार बालिकाको अवस्थालाई सम्बोधन गर्ने नेपालको प्रतिवद्धताहरू निम्न रहेका छन्:-

- गरिबीमा रहेका सबै उमेरका महिलाको संख्या घटाएर सन् २०३० सम्ममा ५% मा झार्ने ।
- गरिबीमा रहेका ५ वर्षभन्दा कम उमेरका बालबालिकाको संख्या सन् २०१५ मा ३६% रहेकोमा घटाएर २०१९ सम्ममा २७.७%, २०२२ सम्ममा २१.५%, २०२५ सम्ममा १५.३% र सन् २०३० सम्ममा ५% मा झार्ने ।
- अत्यावश्यक सेवा (शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा) मा सरकारको लगानी सन् २०१५ मा २५.२% रहेकोमा त्यसलाई बढाउँदै लैजाने ।
- लैङ्गिक समानता प्रवर्द्धन गर्न सरकारको बजेटको हिस्सा सन् २०१५ मा २२.३% रहेकोमा यसलाई बढाउँदै लैजाने ।
- प्रजनन् उमेरका महिलाहरूमा रक्त अल्पता हुने महिलाको संख्या ३५% (सन् २०१५) रहेकोमा त्यसलाई घटाउँदै २०१९ सम्ममा २६%, २०२२ सम्ममा २४% , २०२५ सम्ममा १८% र सन् २०३० सम्ममा १०% मा झार्ने ।
- ५ वर्ष भन्दा कम उमेरका बालबालिकामा रक्तअल्पता हुने दरलाई ४६% (सन् २०१५) लाई घटाएर सन् २०१९ सम्ममा ३३%, २०२२ सम्ममा २८%, २०२५ सम्ममा २३% र सन् २०३० सम्ममा १०% मा ल्याउने ।
- मातृ मृत्युदर सन् २०१५ मा प्रति १ लाख २५८ रहेकोमा त्यसलाई घटाएर सन् २०१९ सम्ममा प्रति १ लाखमा १२५, २०२२ सम्ममा प्रति १ लाखमा ११६, २०२५ सम्ममा प्रति १ लाखमा ९९ र सन् २०३० सम्ममा प्रति १ लाख ७० मा ल्याउने ।
- आत्महत्याको दर सन् २०१५ मा प्रति १ लाख १६.५ रहेकोमा सन् २०१९ सम्ममा प्रति १ लाख १४.५, २०२२ सम्ममा प्रति १ लाख ९.७, २०२५ सम्ममा प्रति १ लाख ७.८ र सन् २०३० सम्ममा प्रति १ लाख ४.७ मा ल्याउने ।

- किशोरावस्थामा नै आमा बन्ने किशोरीहरूको संख्या प्रति १ हजार ७१ जना रहेकोमा त्यसलाई घटाउँदै सन् २०१९ सम्ममा प्रति १ हजार ५६, २०२२ सम्ममा प्रति १ हजार ५१, २०२५ सम्ममा प्रति १ हजार ४३ र सन् २०३० सम्ममा प्रति १ हजार ३० जनामा ल्याउने ।

- कक्षा १ मा भर्ना भएका बालक र बालिका मध्ये कक्षा ८ मा र कक्षा १२ मा पुग्ने अनुपात बालकको तुलनामा बालिकाको कम रहेकोमा समान बनाउने ।

- प्राविधिक तथा व्यवसायिक शिक्षामा बालिकाहरूको सहभागिताको अनुपात प्रति १ सय जनामा ५३ रहेकोमा उक्त संख्यालाई बढाउँदै सन् २०१९ सम्ममा ६६, २०२२ सम्ममा ७५, २०२५ सम्ममा ८४ प्रतिशत र सन् २०३० सम्ममा समान सहभागिता कायम गर्ने ।

- प्राथमिक विद्यालयको लैङ्गिक समानताको अनुपात १.०२ रहेकोमा उक्त अवस्थामा सुधार गर्दै समान कायम गर्ने ।

- १५ देखि २४ वर्ष उमेर समूहको महिलाको साक्षरता दर सन् २०१५ मा ७४% रहेकोमा सुधार गर्दै सन् २०१९ सम्ममा ९०.५, २०२२ सम्ममा ९२.८, २०२५ सम्ममा ९५.१ र सन् २०३० सम्ममा ९९ प्रतिशत कायम गर्ने ।

- लैङ्गिक भेदभावको अन्त गर्ने र विभेदपूर्ण नीति, योजना र कानूनहरूको अनुगमन तथा आवश्यक सुधार गर्नका लागि आवश्यक नीतिगत र कानूनी व्यवस्था गर्ने ।

- हाल विद्यमान रहेको महिला र पुरुषबीचको समान कामको ज्यालाको अनुपात ०.६२ लाई बढाउँदै समान ज्याला कायम गर्ने ।

- लैङ्गिक विभेद सूचक विद्यमान अवस्थामा ०.४९ रहेकोमा त्यसलाई घटाएर ०.०५ मा झार्ने । लैङ्गिक सशक्तिकरण सूचक हाल ०.५७ मात्र रहेकोमा त्यसलाई बढाउँदै ०.६९ पुऱ्याउने ।

- जीवनमा कुनै न कुनै समयमा शारीरिक तथा यौन हिंसा भोग्न बाध्य भएका महिलाको संख्या २८.४ प्रतिशत रहेकोमा त्यसलाई क्रमश: सन् २०१९ सम्ममा २२.२%, २०२२ सम्ममा १७.५%, २०२५ सम्ममा १२.८% र सन् २०३० सम्ममा ५% मा कम गर्ने ।

- १५ देखि १९ वर्ष उमेर समूहमा विवाहित जीवन बिताउन बाध्य किशोरीको संख्या २४.५% बाट न्यूनीकरण गर्दै सन् २०१९ सम्ममा १८%, २०२२ सम्ममा १३%, २०२५ सम्ममा ८.२% र सन् २०३० सम्ममा ४.१% मा कम गर्ने ।

- यौन तथा प्रजनन् स्वास्थ्य सेवा र अधिकारका बारेमा सचेत महिला तथा किशोरीहरूको संख्या हाल ५९% रहेकोमा उक्त अवस्थामा सुधार गर्दै सन् २०१९ सम्ममा ६८%, २०२२ सम्ममा ७४%, २०२५ सम्ममा ८०% र सन् २०३० सम्ममा ९०% पुऱ्याउने

- १५ देखि २४ वर्ष उमेर समूहका महिलाको इन्टरनेट सेवामा पहुँच सन् २०१५ मा १९.६% रहेकोमा त्यसलाई बृद्धी गर्दै सन् २०१९ सम्ममा ४०.५%, २०२२ सम्ममा ५६.२%, २०२५ सम्ममा ७१.९% र सन् २०३० सम्ममा ९८% मा पुऱ्याउने ।

- युवा किशोरकिशोरी तथा महिलाको वित्तीय संस्था, रोजगारीमा पहुँच बढाउने, अनौपचारिक श्रम क्षेत्रलाई औपचारिक अनुगमन र मापदण्डभित्र ल्याउने, बालश्रमलाई सन् २०२५ सम्ममा अन्त्य गर्ने ।

- महिला र बालिकाहरूको हाल भइरहेको बेचबिखनको समस्यालाई न्यूनीकरण गर्ने ।

- शारीरिक दण्ड सजायँ भोग्ने बालबालिकाको संख्या ८१.७% (सन् २०१५) रहेकोमा क्रमशः सुधार गर्दै सन् २०१९ सम्ममा ६०%, २०२२ सम्ममा ४४%, २०२५ सम्ममा २७% र सन् २०३० सम्ममा सुन्य प्रतिशतमा कम गर्ने ।

## घ) नेपालमा बालिकाको हक अधिकारका लागि संरचनागत व्यवस्थाहरू

नेपालमा बालिकाको हक र अधिकारका लागि विशेष संरचनागत व्यवस्थाहरू नीतिगत रूपमा गरिएको छैन । यद्यपी राज्य संरचनाका काम कर्तव्य र अधिकार क्षेत्रहरूको विश्लेषण गर्दा बालबालिका तथा महिलासँग सरोकार राख्ने राज्य संरचनाहरू नै बालिकाको लागि पनि जिम्मेवार संरचनाको रूपमा रहेका छन् ।

### स्थानीय तहमा उपलब्ध संयन्त्र तथा संरचनाहरू

नेपालको तीन तहको राज्य संरचनामा स्थानीय तहहरू (गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिहरू) नागरिकहरूका लागि आधारभूत सेवा प्रदान गर्ने केही विषयहरूमा न्यायिक सेवा प्रदान गर्ने जिम्मेवारी रहेको छ । स्थानीय तहको सरकार (गाउँपालिका तथा नगरपालिका) नै बालिकाहरूका लागि शिक्षा, स्वास्थ्य, सहभागिता तथा खेलकुद र संरक्षण एवम् भेदभाव रहीतताको सुनिश्चितता गर्न आवश्यक नीतिगत र कार्यक्रम सञ्चालन गर्ने प्रमुख जिम्मेवार निकाय रहेको छ । स्थानीय तह र वडा कार्यालयहरू नै बालश्रम, बालबालिकाको बेचबिखन, बाल विवाह तथा छाउपडी जस्ता अभ्यासहरू अन्त्य गर्न नेतृत्व गर्ने निकायको रूपमा रहेको छ । बालिकाहरूको विशेष अधिकार उल्लंघन तथा हनन् भएमा उजुरी तथा सुनुवाई गर्न स्थानीय न्यायिक समितिलाई जिम्मेवार बनाइएको छ । स्थानीय तह नै आफ्नो क्षेत्रभित्र बालिकाहरूका लागि निशुल्क माध्यमिक शिक्षा, विद्यालयहरूमा सुरक्षित र सहयोगी वातावरण सिर्जना गर्न तथा विद्यालयहरूलाई बालिका मैत्री बनाउने, स्थानीय तहमा किशोरी समूह, बाल समूहहरूको गठन र सञ्चालन गर्नका लागि जिम्मेवार निकायका रूपमा रहेका छन् ।

नेपालको बालबालिकासम्बन्धी ऐन, २०७५ ले स्थानीय तहमा उपप्रमुख-उपाध्यक्ष वा उपप्रमुख वा उपाध्यक्षले तोकेको कार्यसमितिका सदस्यको संयोजकत्वमा बालअधिकार

समिति गठन गर्ने, स्थानीय तहमा बाल अधिकार प्रवर्द्धन र संरक्षणका लागि स्थानीय बालकल्याण अधिकारी नियुक्त गर्ने व्यवस्था गरेको छ । त्यसैगरी स्थानीय तहमा शिक्षा समिति एवम् महिला तथा बालबालिका बेचबिखनविरुद्धका स्थानीय समितिहरू गठन गर्न सकिने कानूनी व्यवस्थाहरू रहेका छन् । जिल्लास्तरमा जिल्ला अस्पतालहरूमा एकिकृत संकट व्यवस्थापन प्रणालीहरूको स्थापना गरी हिंसा, दुर्व्यवहार पीडित तथा प्रभावित बालिकाहरूका लागि सेवा उपलब्ध गराईने व्यवस्था गरिएको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ ले स्थानीय तहको न्यायिक समितिलाई बालबालिकाको हक प्रचलन गराउन आवश्यक सुनुवाइ गर्ने अधिकार प्रदान गरेको छ ।

यद्यपी स्थानीय तहमा निर्वाचित पदाधिकारीहरू तथा कर्मचारीहरूमाझ पर्याप्त सूचना सम्प्रेषण एवम् क्षमता विकासका कार्यक्रमहरू हुन नसक्दा, स्थानीय तहको योजना निर्माण प्रक्रियामा बालिकाका सवालहरूको मूलप्रवाहीकरण गर्न पर्याप्त सहजीकरण तथा पैरवीका कार्यहरू नभएका कारण र स्वयम् बालिकाहरूलाई स्थानीय सरकारसँग जोड्ने, अर्न्तक्रिया गर्ने कार्यक्रमको व्यवस्थाहरू नहुँदा अधिकांश स्थानीय तहहरूले बालिकाका लागि गर्न सकिने र गर्नैपर्ने कतिपय कार्यक्रमहरू गर्न सकेको पाइदैन ।

**प्रदेश तहमा व्यवस्था गरिएका संयन्त्रहरू**

प्रदेश तहमा बालिकाहरूको सवाललाई प्रत्यक्ष रूपमा सम्बोधन गर्न जिम्मेवार निकायको रूपमा सामाजिक विकास मन्त्रालय रहेको छ भने बालिकाको लागि सुरक्षित समाज तथा उनीहरू विरुद्ध हुन सक्ने अपराध नियन्त्रणका लागि प्रदेशको आन्तरिक मामला मन्त्रालय जिम्मेवार निकायको रूपमा रहेको छ । प्रदेश सभामा बालबालिकाको विषय हेर्न जिम्मेवार संसदीय समितिले बालिकाहरूको सवालमा छलफल गर्ने र प्रदेश मन्त्रालय तथा सरकारलाई आवश्यक कार्वाहीका लागि सिफारिस एवम् निर्देशन दिन सक्दछ । बालबालिका सम्बन्धी ऐन, २०७५ ले प्रत्येक प्रदेशमा सामाजिक विकास मन्त्रीको संयोजकत्वमा प्रदेश बालअधिकार परिषद गठन गर्ने व्यवस्था गरेको छ । उच्च अदालतबाट बालबालिकाको हक प्रचलन गराउने अधिकार प्रदान गरिएको छ ।

संघीय शासन व्यवस्था नयाँ भएको र कतीपय प्रदेश स्तरीय नीति नियमहरू बन्न नसकेका कारण प्रदेश सरकारमा बालिकाहरूको सवाललाई पर्याप्त ढंगले छलफल र प्रवेश गराउन सकेको पाइदैन ।

## संघीय तहमा व्यवस्था भएका संयन्त्रहरू

संघमा वा केन्द्रीय स्तरमा नेपाल सरकारले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र माननीय मन्त्री, महिला बालबालिका, जेष्ठनागरिक तथा समाज कल्याण मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बालअधिकार परिषदको व्यवस्था गरेको छ । संघीय प्रहरीमा महिला बालबालिका सेवा केन्द्र तथा निर्देशनालय, राष्ट्रिय अस्पतालहरूमा एकद्वार संकट व्यवस्थापन सेवा केन्द्रहरू सञ्चालनमा रहेका छन् । बालिका शिक्षा तथा प्राविधिक सीप विकास कार्यक्रमहरूका लागि शिक्षा मन्त्रालय जिम्मेवार निकायको रूपमा रहेको छ भने स्वास्थ्यका विशिष्ट विषयलाई सम्बोधन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय जिम्मेवार निकायको रूपमा रहेको छ । त्यसैगरी संघीय संसदमा महिला बालबालिका तथा समाज कल्याणका विषयलाई सम्बोधन गर्न एक विशेष समिति रहेको छ । जनसरोकार समिति तथा मानव अधिकार समितिले पनि बालिकाका विशेष अधिकारका सवालहरूमा सरकारलाई निर्देशन दिन, छलफल गर्न र सिफारिस गर्न सक्दछ । राष्ट्रिय मानव अधिकार आयोग तथा राष्ट्रिय महिला आयोगले बालिकाहरूको विशेष सवाल र समस्यामा राज्यको ध्यानाकर्षण गर्न सक्दछ ।

संघीय स्तरमा गैससहरूसँगको समन्वय र साझेदारीमा विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । यद्यपी सरकारका निकायहरूले बालिकाको सवालमा नीतिगत र कार्यक्रमको व्यवस्थाहरू गरे पनि तिनीहरूको कार्यान्वयनका लागि राज्यका अन्य निकायहरूसँग पर्याप्त समन्वय, जानकारी र सूचना आदान-प्रदान हुन सकिरहेको छैन । संसदीय समिति तथा आयोगहरूले बालिकाको सवालमा पर्याप्त छलफल तथा निर्देशनहरू दिन नसकेको पाइन्छ ।

## ङ) नेपालमा बालिकाका प्रमुख सवालहरू

### सुरक्षीत जन्म र समान पोषण तथा स्वास्थ्य

यद्यपी नेपालमा लैङ्गिक पहिचान सहित भ्रुण हत्या गैर कानूनी रहे पनि निरन्तर घटिरहेको बालिका जन्मदर, ५ वर्ष मुनीको बाल मृत्युदरमा बालिकाको अनुपातले नेपालमा बालिकाहरू गर्भावस्थादेखि नै विभेद र जन्मिए पछि पनि पोषण तथा स्वास्थ्यका सवालमा भेदभावको शिकार भएको प्रमाणित हुन्छ । यदि समयमा नै यस अवस्थालाई सम्बोधन नगर्ने हो भने नेपालमा बालिकाको संख्या न्यून हुन जान्छ र यसले समग्र सामाजिक तथा प्राकृतिक व्यवस्थालाई नै नकारात्मक प्रभाव पार्दछ । त्यसैले बालिकाको सुरक्षित जन्म र समान पोषण तथा स्वास्थ्य सेवाको अधिकारलाई सुनिश्चित गर्न परिवार, समाज, स्थानीय, प्रदेश र संघीय तहबाट नै नीतिगत तथा कार्यक्रमको व्यवस्था लागु गर्न जरुरी छ ।

### शिक्षामा समान अवसर, पहुँच र लैङ्गिक समानतापूर्ण व्यवहार

विद्यालय शिक्षामा भएको भर्नादरलाई आधार मान्ने हो भने बालिकाहरूको शिक्षामा पहुँच विगतको तुलनामा अत्यधिक सुधारिएको र कतिपय अवस्थामा बालक समान रहेको पाइन्छ । यद्यपी माध्यमिक शिक्षाबाट उत्तीर्ण हुने दर, सिकाइस्तर, उच्च शिक्षाका रोजाइका क्षेत्रहरू

र भर्ना भएका संख्यालाई हेर्ने हो भने बालिकाहरू बालकको तुलनामा धेरै नै पछाडि परेको देख्न सकिन्छ । पछिल्ला वर्षमा एस.एल.सि. र एस.इ.इ. लगायतका परीक्षामा कम अंक आएका कारण मानसिक तनाव बेहोर्ने र आत्महत्या गर्ने बालिकाहरूको संख्या बढिरहेको पाइन्छ । अध्ययनहरूका अनुसार विद्यालयमा हुने लैङ्गिक विभेद तथा बालिकाको आवश्यकतामा आधारित सेवा सुविधाको अभाव, सामाजिक चेतना तथा शिक्षकहरूको बालिका मैत्री व्यवहारको अभावले यो परिस्थिती सिर्जना भएको मान्न सकिन्छ । तसर्थ केवल विद्यालयमा समान भर्नादर मात्र कायम नगरी सिकाइस्तर, उत्तीर्ण हुने सम्भावना र बालिकाहरूप्रतिको सम्मानपूर्ण, संवेदनशील र सुरक्षित व्यवहार तथा संरचनाको व्यवस्थाबाट मात्र शिक्षामा दिगो समानता प्राप्त गर्न सकिन्छ ।

## प्राविधिक शिक्षा, आर्थिक रोजगारीका अवसरहरूमा समान अवसर

प्राविधिक तथा रोजगारमूलक शिक्षामा बालिकाहरूको पहुँच अत्यन्तै न्यून रहेको छ । परिणामत: बालिकाहरूको सामाजिक व्यक्तित्व फरक ढंगले निर्माण भइरहेको छ भने अनौपचारिक तथा सेवामूलक रोजगारीमा मात्र किशोरकिशोरी एवम् युवा महिलाको पहुँच बढिरहेको छ । अनौपचारिक श्रम तथा सेवा क्षेत्रका श्रमले महिलाको सामाजिक प्रतिष्ठा, आर्थिक हैसियतलाई कमजोर मात्र बनाएको छैन बरु विभिन्न हिंसा तथा दुर्व्यवहारको जोखिममा पनि धकेलिरहेको छ । त्यसैले प्राविधिक शिक्षामा किशोरीहरूको पहुँच र सहभागितालाई प्रोत्साहन गरेमात्र आर्थिक समानता र रोजगारीमा लैङ्गिक समानता हाँसिल गर्न सकिन्छ ।

## खेलकुद लगायतका साहसिक क्षेत्रमा बालिकाहरू प्रतिको भेदभाव र असुरक्षा

खेलकुद लगायतका सहसिक र पर्यटनका क्षेत्रहरूमा बालिका र युवा महिलाको सहभागिता अत्यन्तै न्यून र परम्परागत शैलीको रहेको छ । बालिकाहरूलाई साहसिक खेलकुदहरूमा कमै मात्र सहभागी गराइने गरिन्छ । खेल तथा पर्यटन क्षेत्रमा युवा महिला किशोरकिशोरीहरूले सुरक्षित र सहयोगी वातावरण पाइरहेका छैनन् । विशेष गरी महिला र किशोरीहरू प्रति हुने दुर्व्यवहार र भेदभावले यस क्षेत्रमा बालिका र किशोरीहरूको सहभागितामा तगारो सिर्जना गरेको छ ।

## बालिका तथा किशोरीहरूको सहभागिता तथा नेतृत्व विकास

नेपालका युवा समूह तथा बाल क्लवहरू बालिका तथा युवा महिलाको सहभागिताका हिसाबले उत्कृष्ट सामुदायिक संस्थाका रूपमा रहेका छन् । यी समूहहरूमा ५०% महिला र बालिकाको सहभागिता मात्र होइन, बालिका र महिलाको सवालहरूमा सामुदायिक अभियान, पैरवी तथा क्षमता विकासका कार्यक्रमहरू पनि यस्ता समूहहरूले गरिरहेको पाइन्छ । यद्यपी महिला र बालिकाहरूका लागि नेतृत्व विकासका अवसर, बालक र युवाहरूलाई लैङ्गिक संवेदनशीलताको पर्याप्त प्रशिक्षण र नेतृत्वमा रहेका बालिका र युवा महिलाको लागि पर्याप्त साथ र सहयोगीहरूको अभावमा उर्वर नेतृत्व बीचैमा हराउने, छाड्ने वा निराशामा परिवर्तन भइरहेको पाइन्छ ।

## यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा र सेवाको सहज पहुँच

यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा र सेवा नेपाली किशोरीहरूको एक प्रमुख सवाल हो । पर्याप्त र सही प्रजनन् स्वास्थ्य शिक्षाको अभावमा किशोरीहरूले अधिकतम यौन तथा प्रजनन् जिज्ञासाहरूको सही समाधान पाउन सकिरहेका छैनन्, कतिपय गलत अभ्यासहरू गर्न बाध्य छन् भने सामाजिक परम्परा र गलत मान्यताका कारण प्रजनन् स्वास्थ्यका सवाल र समस्यालाई आफैमा लुकाएर रोग र दुर्घटनाका शिकार भइरहेका छन् । बाल विवाह तथा किशोरी आमाहरूको संख्यामा उल्लेख्य ढंगले कमी आउन नसक्नुको कारण यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा र सेवाको पहुँचमा देखिएका जटिलताहरू हुन् ।

## इन्टरनेट तथा सूचनामा समान पहुँच र अवसर

सूचना प्रविधि मानिसको व्यक्तित्व विकास, ज्ञान र सीप हासिल गर्न तथा नवीनतम सूचना र जानकारीहरू प्राप्त गर्न एक महत्त्वपूर्ण साधन भइसकेको छ । इन्टरनेट, अर्धशहरी तथा शहरी जीवनको एक आधारभूत आवश्यकताको रूपमा विकास भइसकेको छ । यस परिस्थितीमा पनि नेपालका किशोरीहरू इन्टरनेट तथा सूचना प्रविधिको पहुँच र प्रयोगमा भने अत्यन्तै पछाडि रहेको माथि उल्लेखित तथ्याङ्कले पनि पुष्टि गर्दछ । सूचना र इन्टरनेटमा कम पहुँच भएकै कारण अवसरहरूबाट पछि पर्नुपर्ने बाध्यता किशोरीहरूको रहेको छ ।

## महिला र बालिका विरुद्धको हिंसा, यौन दुर्व्यवहारबाट संरक्षण र सुरक्षित बस्ति तथा शहर

पछिल्लो वर्ष नेपालमा महिला र बालिका विरुद्धको हिंसाको बारेमा सचेतना बढ्नुका साथै राज्यका निकायहरूको संवेदनशीलता र सम्बोधन पनि बढेको महसुस गर्न सकिन्छ । बढ्दो उजुरी, कार्वाही र न्यायिक निकायको सक्रियताले यसलाई पुष्टि गर्दछ । यद्यपी यस समस्याको सम्बोधन मात्र पर्याप्त हुँदैन, बरु महिला र बालिकाको संरक्षणको अनुगमन र नियमन तथा सुरक्षित संरचना, व्यवहार, पुर्वाधार र बस्तिहरूको आवश्यकता पर्दछ । बालिका, किशोरी र महिलाहरूको स्वरक्षा सशक्तिकरण पनि त्यत्तिकै जरुरी हुन्छ । बालिका, महिला र किशोरीहरूको अनुभवमा नेपालका शहर तथा बस्तीहरू उनीहरूका लागि कमै मात्र सुरक्षित छन्, यसका कारण उनीहरूको हिंडडुलको स्वतन्त्रता, सहभागिताको स्वतन्त्रता र अवसरहरूको उपयोगको सम्भावनाहरू सिमित भइरहेका छन् ।

## लैंङ्गिक सामाजिक शक्ति संरचनाको रूपान्तरणमुखी नीति र कानूनको आवश्यकता

नेपालमा बालिका र महिला तथा लैंङ्गिक भेदभावको सवाल ३५ भन्दा बढी कानूनहरूले सम्बोधन गरेका छन् । यसरी छरिएर रहेका कानूनी व्यवस्थाका कारण कतिपय अवस्थामा नियमहरू एक अर्कामा बाझिने र समग्रतामा लैंङ्गिक तथा बालिका विभेदलाई सम्बोधन गर्न सकिरहेका छैनन् । कतिपय नीति नियमहरूमा लैंङ्गिक रूपमा निश्पक्ष शब्दावलीको प्रयोग आफैमा सकारात्मक कदम हो, तर सदियौंदेखि सामाजिक, सांस्कृतिक तथा आर्थिक

एवम् राजनीतिक रूपमा भेदभावबाट पीडित बालिका र महिलाहरूको अवस्थामा परिवर्तन ल्याउन र दिगो विकास लक्ष्य अनुरुप सारभूत लैंङ्गिक समानतामा पुऱ्याउन निश्पक्ष शब्दावली र व्यवस्थाहरूमात्र पर्याप्त हुँदैनन् । यसका लागि बालिका र महिला पक्षीय, सकारात्मक विभेद र आरक्षणको व्यवस्था सहितका कानूनी व्यवस्थाहरू आवश्यक हुन्छ । यस सिद्धान्तलाई नेपालको संविधानको समानताको हक अन्तर्गत पनि स्वीकार गरिएको छ ।

### च) नागरिक संगठनहरूको अनुरोध के हो ?

नागरिक संगठनहरू सरकार र राज्यसत्ताका असल सहकर्मी हुन् । यस अर्थमा राज्यलाई बढी भन्दा बढी लोकतान्त्रिक, पारदर्शी, जनपक्षीय र प्रगतीशिल बनाउन नागरिक संगठनहरूले नागरिकका सवालहरूलाई राज्यका निकायसम्म एकिकृत रूपमा पुऱ्याउने कार्य गर्दछन् साथै राज्यका सकारात्मक नीतिगत र कार्यक्रमिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि सहकार्य एवम् सहजीकरण तथा नागरिक अनुगमन र सचेतनाका कार्यहरू गर्दछन् । सारभूत रूपमा नै बालिका तथा किशोरीहरूको अवस्थामा सुधार गर्न र लैंङ्गिक समानतालाई स्थापित गर्न नागरिक संगठनहरूले साझा रूपमा निम्न नीतिगत, संरचनागत र कार्यक्रमिक व्यवस्थाका लागि अनुरोध गर्दछन् :

## १) नीतिगत व्यवस्था

**लैंङ्गिक समानता सम्बन्धी एकिकृत विशिष्ट कानूनी व्यवस्थाः** राज्य, निजि क्षेत्र, शिक्षा, विकास र सहभागिता लगायतका सबै संरचना, क्षेत्र र कार्यक्रमहरूमा लैंङ्गिक समानता र बालिका अधिकार प्रवर्द्धनका लागि लैंङ्गिक समानता सम्बन्धी एकिकृत कानूनी व्यवस्था आवश्यक छ । जो लैंङ्गिक समानताका सवालमा अन्य सबै कानूनलाई प्रभावित पार्ने रहोस् । यसै कानूनले लैंङ्गिक विभेद र बालिका विरुद्ध हुने कुनै पनि भेदभावलाई सजायको व्यवस्था गर्नुका साथै, स्थानीय, प्रदेश र संघीय तहका सरकारबाट लैंङ्गिक समानता प्रवर्द्धनमा अनिवार्य लगानी, निजि क्षेत्र गैसस तथा सहकारी क्षेत्रमा बालिका तथा लैंङ्गिक समानता अनिवार्य प्रवर्द्धन गर्ने व्यवस्था गरोस् ।

**अनिवार्य लगानीको व्यवस्थाः** विगतमा स्थानीय तहहरूले महिला लक्षित विषय तथा कार्यक्रममा अनिवार्य लगानी गर्ने व्यवस्थाका कारण नेपालमा महिला र बालिकाको क्षेत्रमा उल्लेख्य सुधारात्मक कार्यहरू भएको पाइन्छ । यस व्यवस्थालाई वर्तमान तीन तहको सरकारको सन्दर्भमा पनि लागु गरिनु जरुरी छ । प्रत्येक तहका सरकारले बालिका प्रवर्द्धनका लागि पूँजिगत वजेटको निश्चित प्रतिशत अनिवार्य लगानी गर्ने नीतिगत व्यवस्था गरिनुपर्दछ ।

**समान सहभागिताको अवसर**ः पछिल्लो समयमा महिला, बालिकाको शिक्षा र सामुदायिक संगठनहरूमा सहभागिताको संख्यामा उल्लेख्य वृद्धी भएको भए पनि बालक र बालिकाबीचको भेदभाव र अवसरहरूको उपभोगमा असमानता भने कायम नै रहेको छ । त्यसैले विद्यालयहरूमा (निजी, सार्वजनिक तथा प्राविधिक) अनिवार्य समान बालिका संख्याको सुनिश्चितता गर्ने, सामुदायिक संगठनको नेतृत्वमा बालिका र बालकहरूको समान संख्यामा

सहभागिता अनिवार्य गर्ने र बालबालिका लक्षित कार्यक्रम तथा प्रशिक्षण र सिकाई अवसरहरूमा बालक र बालिका दुवैको समान सहभागिता अनिवार्य गर्ने नीतिगत व्यवस्था गरिनुपर्दछ ।

**सुरक्षित समुदाय सुरक्षित विद्यालय सम्बन्धी नीति :** बालिकाहरू अत्यधिक मात्रमा हिंसा, दुर्व्यवहार, यौन हिंसा तथा बाल विवाह जस्ता समस्याबाट पीडित र प्रताडित भइरहेका छन् । भयका कारण बालिकाहरूको समग्र व्यक्तित्व विकास, सामुदायिक नेतृत्व, आर्थिक सक्रियता तथा हिंडडुलमा सीमितता कायम हुन पुगेको छ । यस अवस्थालाई परिवर्तन गर्न नेपाल सरकार तथा प्रदेश सरकारहरूले नीतिगत रूपमा नै सुरक्षित समुदाय र सुरक्षित विद्यालयका नीति निर्माण कार्यान्वयन गर्न जरुरी छ । यस अन्तर्गत सार्वजनिक यातायात तथा स्थानहरू बालिकाको लागि सुरक्षा मापदण्ड, सामुदायिक तथा विद्यालय आचारसंहिता, सुरक्षा सेवाको विस्तार र मैत्रीपूर्ण व्यवहार तथा आवश्यकतामा तत्काल सहायताको व्यवस्था गरिनुपर्दछ ।

**सूचना प्रविधिको पहुँचमा समानता र सुरक्षा**: एकातर्फ सूचना प्रविधिमा पहुँचको अभाव भएका कारण बालिकाहरू नवीनतम ज्ञान, सीप र अवसरहरूबाट बन्चित भइरहेका छन् भने अर्कोतर्फ इन्टरनेट तथा सूचना प्रविधिमा पहुँच पुगेका बालिकाहरू विभिन्न हिंसा, दुर्व्यवहार र बेचबिखनको जोखिममा परिरहेका छन् । यसकारण पहुँच भएका बालिकाहरू पनि सूचना प्रविधिको उपभोगबाट टाढिएका छन् । त्यसैले सूचना प्रविधिलाई बालबालिकाको लागि सुरक्षित बनाउने नीतिगत र कानूनी व्यवस्थाका साथै पहुँचबाट टाढा रहेका बालिकाहरूमा विशेष गरी सार्वजनिक विद्यालय तथा सामुदायिक पुस्तकालय एवम् सामुदायिक अध्ययन केन्द्रहरूमा अनिवार्य सूचना प्रविधि र इन्टरनेट सुविधाको व्यवस्था गरिनुपर्दछ ।

## २) संरचनागत व्यवस्था

नीतिगत व्यवस्थाले मात्र बालिकाको निम्ति पर्याप्त अवसरहरू खुला गर्छन् भन्ने सुनिश्चितता गर्न सकिदैन । त्यसका लागि निरन्तर सचेतना, सार्वजनिक सूचना, नीतिगत व्यवस्थाको कार्यान्वयन, सहजीकरण तथा अनुगमन गर्ने संरचनागत व्यवस्था हुन जरुरी छ । त्यसैले बालिकाको निम्ति तय भएका नीतिगत व्यवस्थाको कार्यान्वयन गर्न निम्न संरचना तथा संयन्त्रहरूको सुझाव गरिन्छः

### संघीय तहमा

- संघीय तहमा रहेका निम्न निकायहरूमा बालिकासम्बन्धी विशेष डेस्क तथा उपसमितिको सुझाव गरिन्छ ।

- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः बालबालिका विभाग अन्तर्गत बालिका शाखाको स्थापना ।

- राष्ट्रिय बालअधिकार परिषद अन्तर्गत स्वयम् बालिका तथा बालिका क्षेत्रमा कार्यरत नागरिक सञ्जालका प्रतिनिधिहरूको सहभागिता रहने गरी बालिका सरोकार उपसमिति र डेस्कको गठन ।

- संघीय संसद (प्रतिनिधि सभा): बालबालिकाको विषय हेर्ने समिति अन्तर्गत बालिका विशेष कार्यदलको गठन ।

- राष्ट्रिय महिला आयोग: तोकिएको आयुक्तको संयोजकत्वमा बालिका डेस्कको स्थापना ।

**राष्ट्रिय मानव अधिकार आयोग:** मानव अधिकार आयोगका आयुक्त प्रमुख रहने गरीमहिला तथा बालिका अधिकार डेस्कको स्थापना र सञ्चालन ।

**संघीय प्रहरी:** महिला तथा बालिकाको सवाललाई सम्वोधन गर्न विशेष निर्देशनालयको स्थापना र सञ्चालन ।

## प्रदेश सरकारको तहमा

- प्रदेश तहमा रहेका निम्न निकायहरूमा बालिकासम्बन्धी विशेष डेस्क तथा उपसमितिको सुझाव गरिन्छ ।

- सामाजिक विकास मन्त्रालय: बालबालिका विभाग अन्तर्गत बालिका शाखाको स्थापना ।

- प्रदेश बालअधिकार परिषद अन्तर्गत स्वयम् बालिका सहित प्रदेशमा बालिकाको सवालमा कार्यरत नागरिक सञ्जालका प्रतिनिधिहरूको सहभागिता रहने गरी बालिका सरोकार उपसमिति र डेस्कको गठन ।

- प्रदेश सभा: बालबालिकाको विषय हेर्ने समिति अन्तर्गत बालिका विशेष कार्यदल ।

**प्रदेश नीति तथा योजना आयोग:** प्रदेशको नीति तथा योजना आयोगमा बालिका लक्षित कार्यक्रमहरू निर्माण, समन्वय र सञ्चालनका लागि नीतिगत र कार्यक्रमिक सुझाव प्रदान गर्न बालबालिका हेर्ने सदस्य अन्तर्गत अधिकृतस्तरको कर्मचारीसहित् बालिका शाखाको स्थापना ।

**स्थानीय तह:**

स्थानीय तहमा रहेका निम्न निकायहरूमा बालिका सम्बन्धी विशेष डेस्क तथा उपसमितिको सुझाव गरिन्छ:

**जिल्ला सभा:** बालअधिकार तथा बालसंरक्षण हेर्ने समिति अन्तर्गत बालिका उपसमितिको गठन र सञ्चालन ।
गाउँपालिका तथा नगरपालिका: स्थानीय बालअधिकार समिति अन्तर्गत बालिका विशेष कार्यदल, महिला बालबालिका एकाई अन्तर्गत बालिका डेस्कको स्थापना र सञ्चालन ।

**विद्यालय:** माध्यमिक तहका सबै विद्यालयमा अनिवार्य रूपमा विद्यालय व्यवस्थापन समिति सदस्यको संयोजकत्वमा अविभावक शिक्षक संघ, महिला शिक्षक तथा दुई बालिकासहित् रहने बालिका अवस्था अनुगमन र सहजीकरण उपसमिति तथा प्रत्येक विद्यालयमा एकजना मनोसामाजिक विमर्शकर्ता र स्टाफ नर्सको व्यवस्था ।

**स्थानीय सार्वजनिक स्वास्थ्य संस्थाहरूमा**: प्रत्येक जिल्ला अस्पतालमा बालिका स्वास्थ्य र किशोरावस्थाका बारेमा प्रशिक्षण प्राप्त न्यूनतम २ जना महिला चिकित्सकको व्यवस्था ।

प्रत्येक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूमा बालिकाको विशेष स्वास्थ्य आवश्यकता र सवालहरूका बारेमा प्रशिक्षण प्राप्त स्वास्थ्य कर्मीको व्यवस्था ।

**प्रहरी चौकी तथा सेवा केन्द्र:** प्रत्येक स्थानीय प्रहरी चौकी तथा प्रहरी सेवा केन्द्रमा बालिकाविरुद्ध हुने हिंसा र अपराध तथा बालिकामैत्री व्यवहारबारे प्रशिक्षण प्राप्त महिला प्रहरीको नियुक्ति । तथा जिल्ला प्रहरी कार्यालयमा न्यूनतम पनि प्रहरी निरीक्षकको नेतृत्वमा महिला तथा बालबालिका सेवा केन्द्रको स्थापना र सञ्चालन ।

## नागरिक स्तरमा

नेपालका नागरिक संगठनहरूबाट बालविवाह, बालिकाविरुद्धको हिंसा तथा बेचविखन एवम् शोषणका सन्दर्भमा विभिन्न कार्यक्रमहरू तथा पैरवी सञ्चालन भइरहको भएपनि एकिकृत तथा समन्वयात्मक ढंगले बालिकाविभेद विरुद्ध तथा बालिका अधिकारका लागि साझा रूपमा लक्षित अभियानहरू सञ्चालन हुन सकिरहेका छैनन् । बालिका अधिकार, बालिकाविरुद्ध हुने विभेद तथा परिवारदेखि राष्ट्रिय स्तरसम्म समानताका पक्षमा पैरवी गर्न, नागरिक संगठनहरूका साझा धारणा तयार पार्न तथा बालिकाहरूको सरोकारको छलफल र आवश्यक कार्यक्रमिक हस्तक्षेपका लागि नागरिक संगठनहरूको साझा मञ्च आवश्यक रहेको छ । राष्ट्रिय प्रदेश तथा स्थानीय तहसम्म बालिका अधिकार सरोकार नागरिक सञ्जाल स्थापना गरी नागरिक संगठनहरूको एकिकृत तथा साझा अभियान सञ्चालन गर्न जरुरी देखिन्छ ।

## ३. कार्यक्रमहरूको व्यवस्था

**बालिकाको पक्षमा सांस्कृतिक अभियान**: बालिकाप्रतिको विभेदको मूलकारण परम्परागत रूपमा रहेको गलत सांस्कृतिक मूल्य मान्यताहरू हुन् । योगमायाको समयदेखि नै महिला र बालिकाको पक्षमा सांस्कृतिक रूपान्तरणका लागि अभियान र सामाजिक परिचालनको प्रयत्नहरू भएका हुन् । यसको आवश्यकता हाल आएर झनै बढी भएको छ । त्यसैले राष्ट्रिय रूपमा नै देशव्यापी बालिका सशक्तिकरण तथा लैङ्गिक सवालमा सांस्कृतिक रूपान्तरण अभियान कार्यक्रम सञ्चालन गरी बालिकाप्रति विभेदकारी गलत परम्परागत मान्यता र अभ्यासहरूलाई बदल्न सकिन्छ । यस अभियानलाई प्रदेश वा संघीय सरकारहरूले नेतृत्व लिने र यसमा गैसस, निजि क्षेत्र, सहकारी तथा सामुदायिक संगठन, धार्मिक सांस्कृतिक संघसंस्था, राजनीतिक संगठनहरूको एकिकृत परिचालन हुन सक्दछ

**प्राविधिक शिक्षा तथा बालिका रोजगारी प्रवर्द्धन कार्यक्रमः** बालिकाहरूको प्राविधिक तथा व्यवसायिक शिक्षामा न्यून अवसरका कारण १५ देखि १९ वर्ष उमेर समूहका बालिकाहरू आर्थिक आय आर्जनका अवसरहरूमा विभेदका शिकार भइरहेका छन्। बालिकाहरूको औपचारिक तथा प्राविधिक शिक्षा तथा व्यवसाय एवम् रोजगारीमा १५ वर्ष भन्दा माथिल्लो उमेर समूहका बालिकाहरूको सहभागितालाई बढाउन राष्ट्रिय युवा परिषद, प्रदेश सरकार तथा स्थानीय सरकारको समन्वय, निजि क्षेत्रको सहकार्यमा व्यवसायिक एवम् प्राविधिक शिक्षा तथा स्वरोजगार र अन्य रोजगारीका अवसरहरू सिर्जना गर्ने विशेष कार्यक्रम लागु गर्न सकिन्छ ।

**बालिका सुरक्षा र सुरक्षित शहर निर्माण अभियानः** बालिकाविरुद्ध हुने सबैखाले हिंसा अन्त्य गर्दै सुरक्षित शहर, समुदाय विद्यालय तथा कार्यस्थल प्रवर्द्धन गर्न तिनै तहका सरकारहरूले बालिका सुरक्षा र सुरक्षित शहरका लागि विशेष सामाजिक परिचालन, सचेतना र आचारसंहिता प्रवर्द्धनका कार्यक्रमहरू गर्न जरुरी छ ।

**बालिकाको क्षमता विकास कार्यक्रमः** खेलकुद तथा साहसिक क्षेत्रमा देखिएको सिमित बालिका सहभागितालाई प्रवर्द्धन गर्न र खेलकुद तथा पर्यटन क्षेत्रमा बालिकाविरुद्ध हुने भेदभाव तथा दुर्व्यवहार न्यूनिकरणका लागि विशेष बालिकाको क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सकिन्छ । जसले बालिकाहरूलाई साहसिक खेलमा प्रवर्द्धन गर्ने, जिम्मेवार र सुरक्षित पर्यटन प्रवर्द्धन गर्ने र पर्यटन व्यवसाय तथा श्रम क्षेत्रमा बालिकाको सहभागिता बढाउन सवल परिवेश निर्माण गर्दछ ।

**लैङ्गिक समानता तथा बालिका अवसरका लागि पुरुष अभियान :** बालिकाहरूको सरोकार र सवाल केवल बालिकाहरूको मात्र एकल आवाज र परिचालनबाट सुनुवाई र परिवर्तन हुन सक्दैन । यसका लागि बालक तथा युवा एवम् किशोर पुरुषहरूको सहभागिता र संलग्नता प्रवर्द्धन गर्ने र बालिकाप्रतिको विभेद अन्त्यका लागि उनीहरूको संलग्नतामा अभियानहरू सञ्चालन गर्नका लागि बालक, किशोर तथा युवा पुरुष परिचालनमा लक्षित कार्यक्रमहरू सञ्चालन गर्न जरुरी छ ।

**बालिका विरुद्धको हिंसा तथा अपराध अनुसन्धान र न्यायमा पहुँचको सुदृढिकरण :** तथ्याङ्कहरूले देखाए अनुसार बालिका विरुद्ध भइरहेका हिंसा, शोषण तथा दुर्व्यवहारका अपराधहरू प्रकाशमा आउने र उजुरी प्रक्रियामा जाने सामाजिक अभ्यास बढिरहेको छ तर, अनुसन्धान कर्मचारीहरू, न्यायक्षेत्रमा रहेका क्षमता र बालिका संवेदनशिलताको अभावका कारण बालिकाहरूको न्यायमा पहुँच अत्यन्त कमजोर रहेको देखिएको छ । तसर्थ बालिकाहरूको न्यायमा पहुँचलाई सुदृढ र प्रभावकारी ढंगले प्रवर्द्धन गर्न अपराध अनुसन्धानका निकाय, न्यायिक क्षेत्रलाई बालिका संवेदनशील अपराध अनुसन्धान तथा मैत्रीपूर्ण न्यायिक प्रक्रिया प्रवर्द्धन गर्न लक्षित क्षमता विकास, संरचनागत सुधार, अनुगमन र कार्वाही तथा जनउत्तरदायिका कार्यक्रमहरू सञ्चालन गर्न जरुरी छ ।

*यसका अतिरिक्त हाल नेपाल सरकारले सञ्चालन गरिरहेका प्रजनन् स्वास्थ्य, मानसिक स्वास्थ्य सेवा, आरक्षण, छात्रवृत्ति, बालिका नेतृत्व विकास र सशक्तिकरण तथा अन्य बालिका अवसरका कार्यक्रमहरूलाई विस्तार र निरन्तरता गर्न जरुरी छ ।*

# <u>बालविवाह सम्बन्धी कानूनी व्यवस्था</u>

## <u>मुलुकी अपराध (संहिता) ऐन २०७४</u>

परिच्छेद -११ विवाह सम्बन्धी कूसर

**१७३. बाल विवाह गर्न नहुने :** (१) विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीत भएको विवाह स्वतः बदर हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**१७६. हदम्याद :** यस परिच्छेद अन्तर्गतको कसूरमा कसूर भए गरेको कुरा थाहा पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन ।

***बालविवाह गर्ने वा गराउने दुबैलाई नेपालको कानुनले कसुरदार मानेको छ । अतः त्यस्तो कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिबाना हुनेछ । आ-आफ्नो इच्छाले वा अरूको करकापले होस, बालविवाह गर्न पाइँदैन । गरेमा स्वतः बदर हुन्छ । स्वेच्छाले गरे पनि सो विवाह कायम भएको मानिदैन । स्वेच्छाले भनेर विवाह गर्ने बालक बालिकालाई पनि मुद्धा लाग्नसक्छ र सजाँयको भागीदार हुनसक्छ । तर बालबालिकालाई भने संजाय केही कम हुन्छ । दफा १७३ बमोजिम विवाह गर्न पूरा हुनु पर्ने अर्थात २० वर्ष उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई विवाह सम्बन्धी कसूरका सम्बन्धमा मञ्जुरी मानिने छैन ।***

परिच्छेद- ५

सजाय र अन्तरिम क्षतिपूर्ति सम्बन्धी व्यवस्था

**४५. बालबालिकालाई हुने सजाय :** (१) कानून बमोजिम कसूर ठहरिने कुनै काम गर्ने व्यक्तिको उमेर त्यस्तो काम गर्दाका बखत दश वर्ष पुगेको रहेनछ भने निजलाई कुनै सजाय हुने छैन ।

(२) दश वर्ष वा दश वर्षभन्दा माथि र चौध वर्षभन्दा कम उमेर भएको व्यक्तिलाई कैदको सजाय गर्दा बढीमा छ महिनासम्म कैदको सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म सुधार गृहमा राख्न सकिनेछ ।

(३) चौध वर्ष वा चौध वर्षभन्दा माथि र सोन्ह वर्षभन्दा कम उमेरको व्यक्तिले कैदको सजाय हुने कुनै कसूर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानून बमोजिम हुने सजायको आधा सजाय हुनेछ ।

(४) सोह्र वर्ष वा सोह्र वर्षभन्दा माथि र अठार वर्षभन्दा कम उमेरको व्यक्तिले कैदको सजाय हुने कुनै कसूर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानून बमोजिम हुने सजायको दुई तिहाई सजाय हुनेछ ।

**"मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४"**

परिच्छेद - २ कूसरको सूचना तथा अनुन्सधान सम्बन्धी व्यवस्था

**४. कूसरको जाहेरी दरखास्त वा सूचना दिनु पर्ने :** (१) अनुसूची-१ मा उल्लिखित कुनै कसूर भएको, भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने ब्यक्तिले त्यस्तो कसूरका सम्बन्धमा आफूसँग भएको वा आफूले देखे जाने सम्मको सवुद प्रमाण खुलाई त्यस्तो कुराको लिखित जाहेरी दरखास्त वा मौखिक सूचना वा विद्युतीय माध्यमको सूचना अनुसूची-५ बमोजिमको ढाँचामा नजिकको प्रहरी कार्यालयमा यथाशिघ्र दिनु पर्नेछ।

(४) उपदफा (१), (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१ मा उल्लिखित कुनै कसूर भएको कुराको सूचना वा जानकारी प्रहरीले अन्य कुनै स्रोतबाट वा आफैंले प्राप्त गरेमा सो सम्बन्धमा अनुसूची-५ मा उल्लिखित विवरण सहितको प्रतिवेदन खडा गर्नु पर्नेछ।

***विवाह सम्बन्धी कसूर अनुसूची-१ भित्र पर्ने भएकाले यस सम्बन्धमा थाहा पाउने व्यक्तिले प्रहरीमा उजुरी दिनु पर्दछ। उजुरी नपरेको अवस्थामा पनि प्रहरीले कुनै माध्यमबाट थाहा पाएमा प्रतिवेदन खडा गरी कारवाही अघी बढाउनु पर्छ।***

**बालबालिका सम्बन्धी ऐन २०७५**

बालबालिका सम्बन्धी ऐन २०७५को दफा ६६(२)(ण) अनुसार बालबालिकासंग विवाह गर्नु गराउनु बालबालिका विरुद्धको कसूर मानिने छ र त्यस्तो कसूर गर्नेलाई दफा ७२(३)(ख) अनुसार पचहत्तर हजार रुपैयासम्म जरिवाना र तिन वर्षसम्म कैद हुन्छ।

दफा ६७ अनुसार बालबालिका विरुद्धको कसूर गरेको ठहरिएका व्यक्तिले १० वर्षसम्म बालबालिका संग सम्बन्धित सार्वजनिक तथा नीजी क्षेत्रमा कामगर्न, मनोनित हुन, निर्वाचित हुन पाउँदैन।

*"Empower the Girl, Change The world"*

**बालिकाहरुलाई सशक्तिकरण गरौं, समृद्ध नेपाल निर्माण गरौं।**

- नीति निमार्ण र योजनाको तर्जुमा बालबालिकाको सहभागिता शुनिश्चित गरौं ।
- बालबालिका सम्बन्धी राष्ट्रिय अर्न्तराष्ट्रिय ऐन कानूनहरू कार्यन्वयन गरौं ।
- बालबालिका माथि हुने हत्या, हिंसा, बेचविखन, कुटपिट, यौन शोषणको अन्त्य गरौं ।
- बालिकाहरुलाई सशक्तिकरण गरौं ।
- घर, विद्यालय, गाउँ र नगर बालमैत्री बनाऔं ।
- छोरा छोरी बिचको भेद्भाव अन्त्य गरौं ।
- बिहेवारी २० वर्ष पारी व्यवहारमा लागु गरौं ।
- सबै बालबालिकाको नियमित स्वास्थ्य परीक्षण गराऔं ।
- सानै छु बढ्न देउ, बाल विवाह हैन पढ्न देउ ।

**हटलाईन नम्बरहरु: १००, १०४, १०९८, ११४५**
**राष्ट्रिय मानव अधिकार आयोग: ०१-५०१००००**

JCYCN 2001

**Jagriti Child and Youth Concern Nepal**
**जागृति बाल तथा युवा सरोकार नेपाल**


**Central Contact Office :**
Kathmandu Metropolitan City-29
Sagarmatha Marga, Anamnagar, Nepal
Phone: 977-01- 4772111
Email: jcycn2001@gmail.com

**Establishment Office :**
Devchuli-15, Nawalparasi
Cell No. 9857041304
Website: www.jcycnepal.org.np



**प्रकाशन सहयोग:** KANALLAN
GIVING RIGHT NOW